# नारीवाद र तिन घुम्ती उपन्यासमा नारीवादी चिन्तन

- लक्ष्मीशरण अधिकारी

## १. विषय उठान

नारीवाद साहित्यिक समालोचना वर्तमान युगमा सञ्चालित त्यस्तो राजनैतिक आन्दोलन हो जसको उद्देश्य जीवनको व्याख्या गर्नु मात्र नभएर पितृसत्ताद्वारा स्थापित र पोषित आर्थिक, सामाजिक तथा सांस्कृतिक संरचना भत्काएर नारीलाई पुरुषको थिचोमिचोबाट मुक्त गराउने तथा पाठलाई नारी दृष्टिकोणबाट व्याख्या गर्ने प्रवृत्ति हो । नारीवादको पृष्ठभूमि लामै भए पनि यसको विकास समग्रमा तिन चरणमा भएको छ । यसको पहिलो चरण उन्नाइसौं र विसौं शताब्दीमा देखा पर्‍यो र यसले नारी समस्यालाई सतहमा ल्यायो । दोस्रो चरण (सन् १९६० देखि १९८०) मा कानुनी क्षेत्रमा देखिएका विरोधमाथि विमर्श भयो । आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा देखिने भालेपनमाथि प्रहार गर्ने काम पनि यसै चरणमा भयो । तेस्रो चरण (सन् १९८० देखि यता) मा दोस्रो चरणमा उठाइएका मुद्दाहरूलाई समूहरूको सञ्जाल निर्माण गरी फैलाउने काम भएको छ ।

नारीवाद फ्रान्स (सन् १८८०) मा र ब्रिटेन (सन् १८९०) मा देखा परे पनि नारीवादी सिर्जना र समालोचनाको सचेत प्रयास भने सन् १९६० देखि भएको हो । साहित्यिक कृतिहरूमा लैङ्गिक असमानता, पुरुष प्रधानता र पितृसत्तात्मक मनोवृत्तिहरूबाट प्रभावित भएका तथ्यहरू नारीवादीहरूले अगाडि ल्याए । जर्मनीमा सन् १९४९मा पुरुष र नारी कानूनका आँखामा समान छन् भन्ने कानून बने पनि (सिन्हा, सन् १९९३ : ६९-७०) एसिया र अफ्रिकामा नारीको अवस्था धार्मिक र अन्य कारणले अझै पनि कष्टकर छ ।

नेपाली समाज युगौंदेखि पितृसत्ता प्रधान भएको हुँदा यहाँका नारीको स्थान दयनीय रहन गयो । पितृसत्तामाथि कुनै प्रश्न नउठाई नारीलाई केन्द्र बनाएर लेख्ने काम रुद्रराज पाण्डेको **रूपमती** (१९९१)मा भएको भए पनि नारी पक्षधरता सहित लेखिएको पहिलो उपन्यास **स्वास्नी मान्छे** (२०११) भनिएको छ । विजय मल्लको **अनुराधा** (२०१८) उपन्यासमा नारीवादी स्वर ध्वनित भएको छ । नारीलाई कर्ता पात्र स्वीकार गरिएको पहिलो नेपाली उपन्यास विश्वेश्वरप्रसाद कोइरालाको **तिन घुम्ती** (२०२५) हो । यस आलेखमा नारीवादी सिद्धान्तहरूको सर्वेक्षण गर्दै **तिन घुम्ती**मा प्रयुक्त नारीवादी स्वर औंल्याउने काम गरिएको छ ।

## २.नारीवादी सिद्धान्तहरूको सर्वेक्षण

नारीवाद मुलतः अन्तर्वस्तु प्रधान साहित्यिक आन्दोलन हो । कतिपय साझा तत्त्व भए पनि नारीवादभित्र विभिन्न धाराहरू रहेका छन् । नारीवादलाई उदार, मार्क्सवादी, आमूल, अस्तित्ववादी, मनोविश्लेषणात्मक, उत्तर संरचनावादी, उत्तर आधुनिकतावादी, पर्यावरणवादी लगायतका धारामा विभाजन गर्ने चलन छ । यी विभिन्न नामका नारीवादी स्कुलहरूले नारीका समस्यालाई अनेक कोणबाट उठाएका छन् । यसमा बढी प्रचलनमा आएका र **तिन घुम्ती**को विश्लेषणमा सहयोगी हुने केही धाराहरूको बारेमा विमर्श गरिन्छ ।

### २.१. उदार नारीवाद

उदार नारीवाद परम्परागत सिद्धान्त हो । नागरिकता र पुरुषसँगको बराबरीका कुरा नै उदार नारीवाद हो । इस्वीको अठारौं शताब्दीमा बेलायत निवासी मेरी वल्स्टनक्राफ्टले उदार नारीवादी अवधारणालाई अगाडि सारेकी हुन् । उनको **महिला अधिकारको औचित्य** नामक पुस्तकमा पुँजीपति वर्गका महिलाहरूका आकाङ्क्षाहरू र आफ्ना अवस्थाका बारेमा विमर्श गर्दै उनले नयाँ मान्यताहरू अगाडि सारेकी थिइन् । उनका भनाइमा (१) महिला र पुरुषका आधारभूत स्वभाव र क्षमता समरूपी छन् । (२) समाजमा जरा गाडेर बसेको पुर्वाग्राही मान्यतामा आधारित चालचलनहरूले परिवारको साँघुरो घेराभित्र घेरी महिलाहरूलाई सार्वजनिक संसारबाट वञ्चित गरिएको छ । (३) सार्वजनिक संसारका सांस्कृतिक, आर्थिक, राजनैतिक, साहित्यिक लगायतका कामकारवाहीहरूमा पुरुषसरह भूमिका खेल्न महिलाहरू सक्षम नभएका देखिन्छन् (तामाङ, सन् २००५ : ५२४) ।

पुरुषले जे पाएका छन् त्यो नारीले पनि पाउनु पर्छ भन्नु, सहकार्यमा जोड दिनु, महिलाहरू पुरुष भन्दा भिन्न छैनन्

भन्नु, राज्यले महिलाहरूलाई उचित अवसर दिनु पर्छ भन्दै राज्यमाथि बढी भर पर्नु, मध्यकालीन सामाजिक तथा सांस्कृतिक विभेद हटाएर महिलको समाजिक हैसियतमा विस्तार गरिनु पर्छ भन्नु, महिला लेखकका समस्याका बारेमा प्रकाश पार्नु, महिला आत्मनिर्भर नभएमा ऊ सधैं पुरुषको दासी हुन्छे भन्नु, महिलाका वाणीहीन समस्या औंल्याउनु, नारी चेतनाको विकासमा भूमिका निर्वाह गर्नु, पेशा र अवसरमा महिलामाथि विभेद गरिनु हुन्न भन्ने कुरामा जोड दिनु उदार नारीवादका विशेषता हुन्। त्यस्तै समान ज्याला, स्वतन्त्रता, उन्नतिको समान अवसर, नागरिक अधिकार, प्रजनन सम्बन्धी अधिकार जस्ता मुद्दाहरू यसले उठाउँदै आएको छ। पितृसत्ताको संरचनात्मक परिवर्तनलाई नभई त्यसको सुधारपट्टि मात्र जोड दिनु, मुलतः गोरा महिलाको समस्या औंल्याउनु, मध्यम वर्गीय महिलालाई आधार बनाएर सबै महिलाका समस्या उस्तै देखाउनु यसका समस्या हुन्।

## २.२. मार्क्सवादी नारीवाद

के भनिएको छ भने मार्क्सवाद नारीवादसँग स्थायी रूपमा जोडिएको छ (कावार्ड, सन् १९८३:१३०)। यसले नारी दमनलाई अर्थतन्त्रसँग जोडेर व्याख्या गर्छ। यसले नारीको मात्र कुरा नगरेर पितृसत्ता र पुँजीवादको चर्चा गर्छ। सिद्धान्ततः मार्क्सवादीहरूले नारीवादका कुरा गर्दा एङ्गेल्सको **परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति** पुस्तकलाई अगाडि सार्छन्। यो मार्क्सवादी नारीवादको आधारग्रन्थ नै हो।

युरोपको पुर्वीभागमा समाजवाद समाप्त भएपछि मार्क्सवादी नारीवादको मृत्यु भइसक्यो भन्नेहरू पनि छन् (म्यासेन, सन् २०००:५९) र मार्क्सवादी नारीवादको महत्त्व अझै सान्दर्भिक छ भन्नेहरू पनि छन् (बिस्ले, सन् १९९९:५९)। नारीवादभित्र वर्गविश्लेषणका सन्दर्भमा यसको प्रवेश भएको मानिन्छ। मार्क्सवादी नारीवादले मार्क्सवादबाट महिलाको आर्थिक शोषणको ऐतिहासिक सर्न्दभमा व्याख्या गर्न वर्गविश्लेषणको आधार ग्रहण गरेको छ (त्रिपाठी, सन् २०१२:८४)। यसका अनुसार आर्थिक संरचना र जीवनको भौतिक संरचना नै लैङ्गिक असमानताका स्रोत हुन्। एङ्गेल्सका भनाइमा परिवारको सम्पत्तिको अधिकार पुरुषमा एकत्रित भएपछि नारी सर्वहारा बनेकी हो। मार्क्सवादी नारीवादहरूले पुँजीवादी लैङ्गिक संरचनाको विश्लेषण गर्ने क्रममा गृहिणीहरूलाई अगाडि सारेका छन्। पुँजीवादले घरलाई कारखाना बनाएर नारीको शोषण गर्छ र त्यस काम गरेवापत कुनै मूल्य दिँदैन भन्दै खाना पकाइदिने, लुगा धोइदिने, यौनको आवश्यकता पुरा गरिदिने, बालबच्चा स्याहार्ने जस्ता कार्यमा पुँजीवादले महिलालाई लगाएको छ भन्ने आरोप मार्क्सवादी नारीवादीहरूले लगाएका छन्। मार्क्सवादीहरू वर्ग आधारभित्र पर्छ भने लिङ्ग अधिरचनाभित्र पर्छ भन्छन्। आर्थिक आधारमा वर्ग देखा परेको छ र अधिरचनाका रूपमा लैङ्गिक विभेद देखा परेको छ भन्ने उनीहरूको कथन छ। इम्मा गोल्डमनले आर्थिक पराधीनता नै वेश्यावृत्तिको कारक हो भनेकी छन्। उनका भनाइमा कामको न्युन ज्यालाले श्रमजीवी नारीहरू वेश्यावृत्तिमा धकेलिन्छन् भने बुर्जुवा परिवारका महिला भने वैवाहिक सम्बन्धभित्रै वेश्या बन्छन्। पुँजीवादी पितृसत्ताको अवसानपछि मात्र वेश्यावृत्ति समाप्त हुन्छ भन्ने उनको दृष्टिकोण छ। त्यस्तै मिचेल ब्यारेटले पितृसत्ताले दमनको ऐतिहासिक र सार्वभौम सिद्धान्तको प्रतिनिधित्व गर्ने कुरा बताएकी छन्।

मार्क्सवादको शास्त्रीय मान्यतालाई मार्क्सवादी नारीवादीहरूले फरक ढङ्गले प्रस्तुत गरेका छन्। महिलाले घरबाहिर र भित्र दुवैतिर काम गर्नपर्ने महिलाको बाध्यताका बारेमा मार्क्सवाद मौन रहेको छ (सेल्डन, सन् २००७:१३५)। मार्क्सवादको शास्त्रीय मान्यतालाई मार्क्सवादी नारीहरूले फरक ढङ्गले प्रस्तुत गरेका छन्। मार्क्सवादले सामाजिक शोषणको मुख्य जड वर्गलाई मानेको छ भने मार्क्सवादी नारीवादीहरूले लिङ्गलाई मानेका छन्। सम्पुर्ण सामाजिक सम्बन्धहरूको निर्माण लैङ्गिक विभेदले गरेको छ भन्ने मान्यता उनीहरूले अगाडि सारेका छन् (त्रिपाठी, सन् २०१२: ९१)। यो धारले नारी दमनका सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक पीडा निरूपण गर्न नसकेको र वर्ग विश्लेषणलाई बढी महत्त्व दिई महिलामाथि हुने गरेका लैङ्गिक शोषणका बारेमा कम महत्त्व दिएको आक्षेप मार्क्सवादी नारीवादीहरूले लगाएका छन्। यस सिद्धान्तले यौन शोषण, सामाजिक सांस्कृतिक विभेद जस्ता कुरा गर्दा शास्त्रीय आधार खोज्छ।

## २.३. आमूल नारीवाद

पश्चिमी समाजहरूमा सन् १९६० को दसकमा सुरु भएको युवा आन्दोलनबाट आमूल नारीवादी धार सिर्जना भएको हो। वाम राजनीतिबाट असन्तुष्ट समुहले यो धारलाई जन्म दिएका हुन् (एन्डरमार, सन् २०००:२२२)। आमूल नारीवादले समाजमा

विद्यमान नारी उत्पीडनलाई समुल नष्ट गर्नु पर्छ भन्ने मान्यता राख्छ। आमूल नारीवादीका अनुसार सम्पूर्ण पुरुषहरू शक्तिशाली छन्, अन्यत्र कतै शक्तिशाली हुन नसकेको पुरुष पनि आफ्नो वृत्तका महिलाका अगाडि भने शक्तिशाली रहेकै हुन्छ (त्रिपाठी, सन् २०१२:९६)।

आमूल नारीवादीका भनाइमा महिला उत्पीडन राजनीतिक आर्थिक पक्षमा सुधार गर्दैमा मेटिँदैन । यो धाराले शरीर राजनीतिलाई बढी महत्त्व दिन्छ । विषम लिङ्गीहरूका बिचको वैवाहिक संस्थापनले महिलालाई पुरुषका अधीनमा पारेको हो भन्ने कुरा आमूल राजनीतिको केन्द्रीय सिद्धान्त हो (टुना, सन् १९९५:१३१) । महिलालाई सधैं सुरक्षाको खाँचो हुन्छ भनी जस्ता पुरुषलाई पनि महिलाको संरक्षकको हैसियत प्रदान गरिन्छ ।

राजनैतिक रूपमा सङ्गठित भएर यौन वर्ग व्यवस्थालाई धुलो चटाउनु अमूल नारीवादको उद्देश्य हो । आमूल नारीवादका रूपमा हामी पुरुषसँग शक्ति सङ्घर्ष गर्नमा व्यस्त छौं र हाम्रो दमनको दलाल पुरुष हो जसले पुरुषको भूमिकामा महत्त्व पाएको छ (म्याडसेन, सन् २०००:१५३) । आमूल नारीवादीहरू नै पहिला त्यस्ता नारीवादीहरू हुन् जसले महिला यौनिकतालाई यौनिक भुक्तमान, पिटपाट, बलत्कार, अश्लीलता, गर्भपात, परिवार नियोजनका सामग्री सम्बन्धी कानुन र अभ्यास एवं विषम लिङ्गी विवाहको अनिवार्यता जस्ता कुराका माध्यमले नियन्त्रणमा राख्ने प्रयास भएको कुरालाई पारदर्शी बनाएका छन् (त्रिपाठी, सन् २०१२:९७) ।

विषम लिङ्गी वैवाहिक पद्धतिलाई महिला अधीनस्थाताको मूल कारण मानी समलिङ्गी सम्बन्धलाई महत्त्व दिने हुनाले यो धारलाई समलिङ्गी नारीवाद पनि भनिन्छ र यसको उग्रं परिवर्तनकारी प्रवृत्तिलाई आमूल नारीवाद भनिन्छ । समलिङ्गी शब्द यौन सम्बन्धमा सीमित छ भने आमूल नारीवाद शब्द सामाजिक परिवर्तनसँग सम्बन्धित छ। यिनीहरूका शब्दमा लैङ्गिक दमन दमनको मुलभुत स्वरूप हो । यिनीहरूको आन्दोलनको लक्ष्य पुरुषले समाजमा पाउँदै आएको प्राथमिकतालाई तोड्नु हो र लिङ्गका बिचमा रहेको सांस्कृतिक भिन्नता मेटाउनु हो । महिला र बच्चाहरूलाई तल्लो वर्गका हुन् भन्ने पुरातन मान्यतालाई थिनीहरू ध्वस्त पार्न चाहन्छन् । महिला र बच्चाहरू आश्रित रहने परिस्थिति रहेसम्म लैङ्गिक विभेदको अन्त्य नहुने तर्क यिनीहरूको छ । महिला र बच्चाहरूलाई पूर्ण मानव बनाउनु यिनीहरूको आन्दोलनको लक्ष्य हो । दोर्किनका भनाइमा पुरुष हिंसाको सदा कालको धम्कीले महिलालाई निष्क्रिय र अधीनस्थ बनाएको छ। पितृसत्ताको महिला विरोधी संस्कृतिमा जे जसरी पनि आफूलाई बचाइ राख्न महिलाहरू नै निकृष्ट भन्दा पनि निकृष्ट अनुशासन स्वीकार गर्छन् तर महिलामाथि हुने पितृसंस्थाको संस्थागत दमन उत्पीडनको निवारण हुन सकेको छैन (म्याडसेन, सन् २०००:१६१) ।

हाम्रो शरीर हाम्रै लागि हो भन्ने आमूल नारीवादी धारा पितृसत्तात्मक संस्थापनले विषम लैङ्गिक र समलैङ्गिक महिलासँग फरक व्यवहार देखाउँछ र समलैङ्गिकलाई आफ्ना घेराबाट बाहिर पार्छ । यो धाराले पीडक पुरुषलाई आफूभन्दा टाढा राख्नु पर्ने दृष्टिकोण राख्छ। यो धाराले आर्थिक वर्गका स्थानमा यौन वर्ग र पितृसत्तामा सुधार गर्दै जाने भन्ने दृष्टिकोणको सट्टा आमूल परिवर्तन आवश्यक छ भन्ने दृष्टिकोण राख्छ ।

स्त्री समलिङ्गी समाजभित्रै पनि केही समस्याहरू छन् । बुच (Butch Dyke) भन्ने नामले चिनिने पुरुष स्वभाव र शारीरिक रूप भएका नारीहरू नै प्राय गरेर स्त्री समलिङ्गीका प्रतिनिधिका रूपमा मिडियामा देखिन्छन् (उप्रेती, २०६८:२४९) । समलैङ्गिक अनुभवको एउटै छाताभित्र पृथक् समलैङ्गिक अनुभवहरू रहँदै आएका छन् । समलैङगिकहरूलाई ट्रान्सजेन्डर, सन्दिग्नतावादी विचारकहरूले चुनौति दिएका छन् । इतरलिङ्गी नारीहरूले समलैङ्गिक अनुभव प्राकृतिक हुन्छ भन्ने कुरा अस्वीकार गर्छन् ।

## २.४. मनोविश्लेषणत्मक नारीवाद

मनोविश्लेष्णात्मक अध्ययन पद्धति पश्चिमी जगत्मा प्रभावशाली भए पनि फ्रायडको मनोविश्लेषण स्वीकार गर्ने कुरामा भने नारीवादीहरू उत्साही छैनन् । फयाडले शिश्न ईर्ष्याका बारेमा गरेको विमर्शप्रति यस धाराको गुनासो छ। सिमोन द बुवा, मिलेट लगायतका लेखक फयाडमाथि खनिएका छन् । फ्रान्सेली महिला लेखिकाहरू विगतको साहित्य पुरुषद्धारा लेखिएको छ भन्दै साहित्य समाजको दर्पण हो र त्यो भाषाबाट व्यक्त हुन्छ भन्ने कुरा अस्वीकार गर्छन् (गुएरिन, सन् १९९९:२०३) ।

मनोविश्लेषणात्मक नारीवादीहरूका अनुसार पुरुषमा रहेको मृत्युप्रतिको भयले उसले समाजमा आफु सुरक्षित बन्ने सञ्जालहरूको निर्माण गर्छ । पुरुषले आफ्नो शक्ति विस्तार गर्न आफू अनुकूल हुने प्रविधि तथा संस्थाहरू आफ्ना सहयोगीका रूपमा उभ्याउने कोसिस गर्छ । पुरुषमा मृत्युप्रति हुने भयका कारण गरिने व्यवहारबाट पुरुषहरू शक्तिशाली बन्न गए । सामाजिक संरचना र मान्यताका कारण महिलाहरू पुरुषको विद्रोहमा उत्रिन सकेनन् । पितृसत्ता, विवाह, नातागोता जस्ता पारिवारिक संस्थाका कारणले गर्दा पुरुष समाजमा शक्तिशाली छ । आफ्नो आस्तित्व देखाउन पुरुषले यस्ता कामहरू गर्छ । यसको परिणाम स्वरूप समाजमा बच्चाले आफूलाई आमासँग भन्दा बाबुसँग जोडेर परिचय दिन्छ । पुरुषहरू प्राप्ति र आत्म निर्भरतातर्फ फर्किन खोज्छन् भने महिलाहरू सेवाशुश्रुषा र पारिवारिक जिम्मेवारीतर्फ लाग्छन् । महिलालाई घरको देखभाल राम्रोसँग गर्नु पर्छ भनी वशीभूत गराइन्छ । चेडरले भने यस विषयमा फरक मत राख्दै सबै पुरुष प्राप्तितर्फ र महिलाहरू सेवा शुश्रूषातिर लाग्न खोज्दैनन् भन्छिन् । उनी नारी र पुरुषलाई आलगअलग राख्दा दुवैको व्यक्तित्व विकास नहुने हुनाले यस्ता समस्याबाट बच्न नारी पुरुष दुवै व्यक्तित्वशाली बन्नु पर्ने र बच्चाको हेरचाह दुवैले मिलेर गर्नु पर्ने नियम बन्नु पर्छ भन्छिन् । नारी र पुरुष मिलेर हुर्काएका बच्चा व्यक्तिगत र सार्वजनिक जीवनमा सफल हुन्छन् भन्ने उनको अभिमत छ ।

फायडले वर्णन गरेको अहंको व्याख्यालाई यो धाराले पुरुषमा विकास हुने अहं भन्छ । महिलामा हुने हीनताको भावना जैविक भिन्नताका कारणले नभएर सामाजिक सांस्कृतिक व्यवस्थाले उत्पन्न भएको भन्ने मत यो धाराको छ । एड्रिन रिचका भनाइमा पुरुषले आफ्नो शक्तिको दुरुपयोग गरेर महिलामाथि विषम लैङ्गिकता लादेको हो र पुरुष आफ्नो शारीरिक, आर्थिक एवं संवेगात्मक अधिकारको सुनिश्चितताका लागि यास्तो कार्य गर्छ (टुना, १९९५:१९८) ।

फ्रायडले लिङ्गलाई जैविक अङ्गका रूपमा व्याख्या गरेका थिए भने लकानले त्यसलाई प्रतीकात्मक सांस्कृतिक अर्थ दिए । त्यसैले नारीवाद फायडको सिद्धान्तको संशोधन गर्ने लकानको सिद्धान्तप्रति आकर्षित भएको पाइन्छ (अधिकारी, २०६१ :६२) । फ्रायडले व्याख्या गर्ने गरेको शिश्न ईर्ष्यालाई लकानले शक्तिको अभावका अर्थमा लिएका छन् किनभने समाजको ढाँचा पितृसत्तात्मक भएकाले पुरुषहरू सोझै आधिकारिक मानिन्छन् र स्वतः शक्तिशाली हुन्छन् (त्रिपाठी, सन् २०१२: १११) । लकानका भनाइमा लैङ्गिकता सामाजिक निर्माण हो । भाषागत कर्ताको निर्माण लिङ्गका आधारमा नभएर समाजको प्रतिबिम्बका आधारमा हुन्छ ।

### २.५. अस्तित्ववादी नारीवाद

ज्ञानोदयको अन्त्यमा अस्तित्ववादी दर्शनको विस्तार भएको हो । व्यक्तिवाद, चयनको स्वतन्त्रता, आफ्नै शक्ति र इच्छामा जोड, उत्तरदायित्वको भावना, एकाकीपनको बोध, आत्मकेन्द्रित नैतिकता, शून्यताको अनुभूति अस्तित्ववादका प्रमुख मान्यता हुन् । सिमोन द बुवाको द सेकेन्ड सेक्स कृति विसौं शताब्दीको नारीवादबारे विमर्श गरिएको महत्त्वपूर्ण सैद्धान्तिक कृति हो । नारीको अवस्थाबारे वर्णन गरिएको यो कृतिको प्रस्तुति अस्तित्ववादी छ । यसमा नारीलाई मान्छे भनिएको छैन भन्ने वर्णन छ । पितृसत्ताले नारीमाथि गर्दै आएको विभेद यो कृतिले यथार्थ रूपमा उतारेको छ ।

अस्तित्ववादी नारीवादको सैद्धान्तिक वर्णन गर्दै बुवाले महिलाको सांस्कृतिक र राजनैतिक अवस्था राम्रोसँग उतारेकी छन् । बुवा पितृसत्तात्मक संस्कृतिले छोराको महिमा गाउँछ तर छोरीलाई हेर्ने हेर्ने उसको दृष्टि नै नकारात्मक छ भन्छिन् । अस्तित्ववादी बुवाले विवाह संस्थाकै विरोध गरेकी छन् । मार्क्सप्रति बुवाको गहिरो श्रद्धा भए पनि उनी मार्क्सवादले नारी समस्याको हल गर्न सक्तैन किनकि पुरुष चलाख छ र उसले सत्ताको उन्मादमा महिलाको दमन गर्छ भन्छिन् । उनले आमा छोराको सम्बन्धमा कामुकता सम्बन्ध हुन्छ भन्ने कुरा अस्वीकार गरेकी छन् (बुवा, सन् १९९८:२६५) । नारी धनी वा गरिब, काला वा गोरा जस्ता भए पनि तिनले विभेद बेहोर्नु पर्छ । त्यसैले उनीहरू आफैंले आफ्नो लडाइँ लड्नु पर्छ । यो सभ्यता पुरुषले नारीसँग नसोधी बनाएको हो । कान्तिका बखत पुरुषले नारीको सहयोग खोज्छ तर कान्ति सम्पन्न भएपछि उसले नारीलाई भुल्दछ । नारी किन अधीनस्थ छ भन्ने कुराको वर्णन उनले मनोविज्ञान, जीवविज्ञान, अर्थशास्त्र र जातीय इतिहासको आधार लिएर गरेकी छन् । पुरोहित, दार्शनिक, लेखक तथा वैज्ञानिक सबैले महिलालाई कमजोर देखाउन शक्ति खर्च गर्छन् भन्ने उनको मत छ ।

मेरी डेलीले **बियोन्ड गड द फादर** (१९७३) कृति लेखेर नारीवादको विकासमा महत्त्वपूर्ण योगदान दिएकी छन् । उनको

यो कृति अस्तित्ववादी चिन्तनमा आधारित छ । उनले यो कृतिमा नारीले सबै खालका विभेदका विरुद्ध आफुभित्रको इच्छा शक्तिका आधारमा डटेर लड्नु पर्छ भन्ने सन्देश दिएकी छन् । आस्तित्ववादी नारीवादीहरूको जोड सामाजिक, सांस्कृतिक तथा राजनैतिक क्षेत्रमा आफ्नोपन देखाउनु हो ।

## २.६. उत्तरआधुनिकतावादी नारीवाद

नारीवाद र उत्तरआधुनिकतावाद दुवै समकालीन हुन्, कतिले यिनीहरू जोडिएका छन् भनेका छन् (एन्डरमार,२००० :२०९) । न्यान्सी फ्रासर र लिन्डा निकोल्सनले उत्तरआधुनिकतावाद र उत्तरआधुनिक नारीवादी निबन्धहरू लेखेका छन् । उत्तरआधुनिकतावाद बहुलवादलाई मान्छ । यसले मुलधार र स्थापित आमूलवादी सोच अस्वीकार गर्छ । सत्यको आधाभुत मान्यताको अस्वीकार गर्छ । उत्तरआधुनिकतावादीहरूका अनुसार सत्य अमर र निष्पक्ष नभएर कसैको बहिष्करण र दमनद्वारा निर्मित अर्थ हो ।

उत्तरआधुनिकतावादी नारीवाद ज्यादै जटिल सिद्धान्त हो (टन्डन, सन् २०१२:५७) । यसलाई फ्रेन्च नारीवाद पनि भनिन्छ । हेलेन सेक्ससले नारीवादीलेखनको विकास गरी पुरुषद्वारा परिभाषित संसारलाई बदल्नु पर्छ भन्छिन् । उनले पुरुषले प्रयोग गर्ने शब्द फेर्ने सुझाव दिएकी छन् । लुसी इरिगिरीले सेक्ससको भनाइको आंशिक समर्थन गर्दै महिला यौनिकता र महिलाको अनुभुति लेखनका स्रोत हुन सक्छन् भन्छिन् । जुलिया क्रिस्तेवा लेखाइ र बोलाइका माध्यमबाट मौनता तोड्नु पर्ने कुरा गर्छिन् ।

उत्तरआधुनिकतावादीहरूले सार्वभौम सत्यका नाममा पुरुष पक्षधरता अँगाल्ने हुनाले यिनीहरू पौरुष दृष्टिकोणका वाहक हुन्छन् भन्ने उत्तरआधुनिक नारीवादको भनाइ छ (त्रिपाठी, सन् २०१२:१३३) । उत्तरआधुनिकतानारीवादले समाजमा शक्तिको अभ्यास कसरी भएको छ, कसको चाहना आवाजहीन छ भन्ने कुरामा जोड दिन्छ । यसले उपायहरूको सङ्ग्रहरूलाई खुलै छोडिदिनु पर्छ भन्छ । यो धारा कुनै पनि कुरालाई सकारात्मक र नकारात्मक दुवै कोणबाट हेर्न रुचाउँछ । यिनीहरू महिलाको पहिचानलाई राजनीतिसँग जोड्ने कुरमा उदासीन छन् । यिनीहरू महिलालाई एउटै दृष्टिकोणबट हेर्नु हुँदैन भन्छन् ।

नारीवादलाई उत्तरआधुनिकतावादले चुनौती दिएको छ । सङ्गठनात्मक अभ्यास भन्दा शुद्ध बौद्धिक अभ्यासमा बढी ध्यान दिने डेरिडा र लकानका दर्शनहरूले सन् १९८०को दशकमा आएर नारीवादी चिन्तनको दिशा नै मोडिदिए । दोस्रो विश्व युद्धपछि सिमोन द बोउवारबाट प्रेरित महिलाको राजनैतिक र सामाजिक स्वतन्त्रतामा जोडदिने बुर्जुवा नारीवादको विकास भएको थियो । डेरिडा र लकानबाट प्रेरित भई मनोविज्ञान तथा दर्शनका कुरामा जोडदिने र उत्तरनारीवादी भनेर चिनिने जुलिया क्रिस्तेभा, लुची इरिगिरी र हेलेन सेक्ससले महिलाहरूले भोग्ने राजनैतिक, आर्थिक र सामाजिक शोषणमा भन्दा बढी महिला शब्दमा बहस गराउने गरेका छन् । उनीहरूको मुल चिन्तन महिलाको शरीरमै महिलाको अस्तित्व रहेको हुन्छ भन्ने हो । महिलाहरूको अव्यक्त र विल्कुलै भिन्न अनुभूतिहरूको अभिव्यक्तिबाट नै पितृसत्ता भत्कन्छ भन्ने उनीहरूको भनाइ छ (थापा, सन् २००५:५७०) । उत्तरआधुनिक नारीवादले सङ्गठित सङ्घर्षमा जोड दिँदैन ।

## ३. तिन घुम्तीमा उपन्यासमा नारीवादी चिन्तन

**तिन घुम्ती** उपन्यासको वैचारिक संरचना बहुलवादी छ । यसमा प्रयुक्त नारीवादका विभिन्न धाराहरूको विमर्श गरिन्छ ।

## ३.१. उदार नारीवाद र तिन घुम्ती

**तिन घुम्ती** उपन्यासमा समाजमा प्रचलित नारीसम्बन्धी कुरीति भत्काएर नारीले उत्पीडन भोग्नु नपरोस् भन्ने लेखकीय इच्छा निम्न लिखित सन्दर्भबाट व्यक्त भएको छ ।

### (क) अन्तर्जातीय विवाह

इन्द्रमायाका बाबुआमा इन्द्रमाया १६ वर्षमा प्रवेश गर्दा नगर्दै वरको खोजीमा लाग्छन् । काठमाडौंमा हुर्किएकी कुलीन नेवार परिवारकी छोरी इन्द्रमाया पहाडिया बाहुनसँग प्रेम गर्छे र उसैसित विवाह गर्ने ढिपी गर्छे । जातीय विभेद देखाएर आफ्नै खानदानको केटा खोजी विवाह गरेर पठाउने बाबुआमाको इच्छा विपरीत इन्द्रमाया आफैं पितृगृह त्याग्छे र पीताम्बरसँग दाम्पत्य

जीवन प्रारम्भ गर्छे । नारीले आफुलाई इच्छाएको व्यक्तिसँग विवाह गर्न पाउनु पर्ने पक्षको समर्थन उपन्यासमा गरिएको छ ।

**(ख) असमान शैक्षिक स्थिति**

उदार नारीवादीहरू समान शैक्षिक अवसर पाएका खण्डमा नारीहरू पनि सक्षम हुन्छन् भन्ने मान्यता राख्छन् । इन्द्रमायालाई विवाहको निम्ति ताकेता नगरिएको भए उसको शिक्षार्जनको कम जारी हुन सक्थ्यो र आफ्नो निजी व्यक्तित्व निर्माण गर्न सक्ने थिई । ऊ विवाहित हुनासाथ नेपाली परम्पराअनुसार गृहिणी भई । ऊ छिटै वैवाहिक स्थितिमा बाँधिनु पर्दा उसको व्यक्तित्व खुम्चिएको अवस्था छ ।

**(ग) सांस्कृतिक विभेद**

नारी पितृगृहमा एउटा परम्परा र संस्कृतिमा हुर्किन्छे । विवाहित भएपछि भिन्नै परम्परामा समायोजित हुन उसले आफुलाई परिवेश अनुसार रूपान्तरित गर्नु पर्छ । उसले नयाँ नाता गाँस्नु पर्छ र तिनको हृदय जित्न सङ्घर्ष गर्नु पर्छ । घरमा आउने पतिका साथीहरूको सत्कार नगरे उसले अपजस पाउँछे र साथीहरूसँग रसिक व्यवहार गरे पनि 'साथीहरूको भेलामा तिमीलाई बडो आनन्द आउँछ' (पृ.१४) भन्दै पति ईर्ष्याले पीडित हुन्छ । नारीले पतिको घरमा पाइला टेकेदेखि नै हरेक पक्षमा सतर्कता अपनउनु पर्छ । घरमा नयाँ पाहुना आएमा पुरुष ऊसँग बातचित गर्छ र ऊर्जा प्राप्त गर्छ तर नारीले उसको खानपिनको व्यवस्था जुटाउनु पर्छ । मिहिनेत गरेर सबैको मन जित्ने नारी आदर्श नारी हो भनी वशीभूत गरिन्छ ।

**(घ) असमान अवसरहरू**

पुरुष सत्तात्मक समाजले निमार्ण गरेका यौन नैतिकताका मानदण्डहरू पुरुषका निम्ति निकै खुकुला भए पनि नारीका लागि निकै कठोर छन् । पत्नी अनुर्वर भएमा पतिलाई दोस्रो विवाह गर्ने अवसर छ तर पति अनुर्वर भए नारी समस्यामा पर्छे । यस उपन्यासले नैतिक मानदण्डको नौलो पक्षलाई वैचारिक बहसका निम्ति हाम्रा सामु प्रस्तुत गरेको छ । यस उपन्यासले उपन्यासकार कोइरालाको चिन्तनको अराजकतालाई मात्र होइन बौद्धिक तर्कशीलतालाई पनि राम्रोसँग प्रकट गरेको छ (आचार्य, २०५५:४७) । इन्द्रमाया वैवाहिक जीवनबाट बाहिरिएपछि आत्मनिर्भर भई । एक छाक खान मुन्द्री बेच्न पर्ने अवस्था रहेन । नेपाली नारीका निम्ति विवाह आत्मनिर्भरताको अवरोधक भएको तथ्य इन्द्रमायाको जीवन कथाबाट स्पष्ट पारिएको छ । उपन्यासमा आमाबाबुले छोरी आत्मनिर्भर भएपछि मात्र विवाहका बारेमा सोचुन् भन्ने अप्रत्यक्ष सन्देश ध्वनित भएको छ ।

**(ङ) परम्परगत मान्यताको खण्डन**

**तिन घुम्ती** उपन्यासकी इन्द्रमाया दाम्पत्य जीवनको प्रारम्भदेखि नै तनावमा छे किनकि उसले सतीत्वको प्रश्नसँग जुध्न परेको छ । मेरो सतीत्व तिम्रो खाँचोको विषय होइन भन्ने इन्द्रमाया आफूप्रतिको बफादारी र इमान्दारीलाई जीवनको महत्त्वपूर्ण कुरा ठान्दछे । मातृत्वको नारीको अधिकारको कुरा हो । 'जीवनको आधारभुत तत्त्वलाई पोषण दिएर मैले आन्तरिक बफादारी, आत्मिक कर्तव्य अक्षुण्ण राखें' (पृ.६२) भन्ने इन्द्रमायाले समाजको परम्परागत मान्यता तोडेकी छ । ऊ पीताम्बरसँग सँगै बस्न खाजेकी हो तर पीताम्बर पुरुष सत्तात्मक संस्कारबाट ग्रसित भएकाले गृह त्याग गर्न बाध्य भई ।

## ३.२. मार्क्सवादी नारीवाद र तिन घुम्ती

**तिन घुम्ती** मार्क्सवादी उपन्यास नभए पनि यस कोणबाट पनि यसको अध्ययन गर्न सकिने वस्तुगत आधार छन् ।

**(क) वर्गीय संरचना**

इन्द्रमायाका माइतीको आर्थिक हैसियत मध्य वित्तीय रहे पनि उनीहरूको दरबारसँग घनिष्ट सम्बन्ध छ । विरोधी राजनीति गर्नेलाई घृणाको आँखाले हेर्ने हुनाले यो परिवार यथास्थितिवादी रहेको छ । उनीहरूले इन्द्रमायाको पीताम्बरसँगको सम्बन्ध अस्वीकार गर्नुको मुख्य कारण वर्गीय, जातीय र राजनीतिक रहेको छ । पीताम्बरले परिवर्तन चाहने वर्गको प्रतिनिधित्व गर्छ ।

मार्क्सवादी भाषामा ऊ सामाजिक तथा सुधारवादी पात्र हो । पीताम्बरसँग सम्बन्ध तोडेपछि इन्द्रमाया सीमान्तकृत पात्र बनेकी छ । उसकी बहिनीले झैं यथास्थितिवादी परिवारसँग वैवाहिक सम्बन्ध जोड्न खोजेका भए ऊ समाजका आँखामा भाग्यमानी हुने थिई । पाहडतिरको बाहुनसँग आफू खुसी सम्बन्ध जोढ्न खोजेकाले उसको सम्बन्ध माइतीसँग टाढिएको हो । मध्यम वर्गीय परिवारमा हुर्किएकाले उसले प्रारम्भिक तहको शिक्षा आर्जन गर्न पाई र गृह त्याग गरेपछि पनि आफ्नै खुट्टामा उभिएर छोरीलाई राम्रो शिक्षा दिन सकी । ऊ आफूलाई बदल्ने र गरिखाने पात्रको प्रतिनिधि हो । उसले परिवर्तनको अभियान आफैंबाट शुरु गरेकी छ ।

### (ख) पितृसत्तात्मक सोच

**तिन घुम्ती** उपन्यासका पुरुषसँग शासक मानसिकता छ । राजनैतिक सन्दर्भमा विद्रोही देखिएका पुरुष पनि नारीका सन्दर्भमा यथास्थितिका पृष्ठपोषक छन् । पीताम्बर र उसका साथीहरू विद्रोही राजनैतिक पक्षका संवाहक हुन् तर तिनीहरूमा नारीलाई हर्ने दृष्टिकोण परम्परित सामजको जस्तै छ । नारीलाई चियापान गराउने भूमिकामा खुम्च्याइएको छ । नारीको सन्तान उत्पादनको अधिकारका बारेमा उनीहरूको दृष्टिकोण परम्परित छ । 'तिमी पुरुषहरूलाई बाहिरको काम रहन्छ, व्यस्त रहन्छौ तिमीहरू' (पृ.२०) । घरमा बस्ने नारीलाई हुने विरक्ति लाग्दो शुन्य पुरुष वर्गले बुझ्दैन । पुरुष वर्गले घरमा गरिने कामलाई उत्पादक पनि मान्दैन । मानिस शासक र शासित हुनासाथ त्यो समाज शोषणकेन्द्री रहन्छ । इन्द्रमायाको भूमिका पीताम्बरलाई रत्याउनुमा सीमित भएकाले ऊ शोषित पात्र हो ।

पुरुषले नारीलाई उपभोग्य वस्तुका रूपमा हेर्दै आएको कुरा उपन्यासमा स्पष्ट पारिएको छ । रमेशले जेलबाट आउनासाथ इन्द्रमायालई 'राम्री बनेर बस्नोस्' (पृ.३३) भनेको र इन्द्रमायालाई सिँगार्ने साधनमा मन फुकाएर खर्च गरेको हुँदा उसको कुत्सित स्वभाव स्पष्ट हुन्छ । इन्द्रमाया गर्भवती भएपछि उसको व्यवहारमा परिवर्तन आएकाले उसको अवसरवादी स्वरूप स्पष्ट भएको छ । माइतमा पनि इन्द्रमाया आफ्ना कुरा आमासँग भन्न सक्थी तर बाबुसँग सक्तैनथी । पीताम्बरले दोस्रो विवाह राजनैतिक अनुगामिनीसँग गरे पनि गृहकाजमा लगाएको र दुलाहा रिझाउनु नै उसको दायित्व भएकाले यस उपन्यासका सबै पुरुष पात्र नारीलाई दासीका रूपमा हेर्छन् भन्ने स्पष्ट हुन्छ । मार्क्सवादी नारीवादीहरूले भनेझैं समाजमा वर्गीय शोषण मात्र छैन लैङ्गिक शोषण पनि भयावह छ ।

### ३.३. मनोविश्लेषणात्मक नारीवाद र तिन घुम्ती

**तिन घुम्ती** उपन्यास मनोविश्लेषणमा केन्द्रित नभए पनि यसमा इन्द्रमायाको व्यवहारलाई मनोविश्लेषणात्मक आधारमा हेरिएको छ ।

### क) सुखानुभूति

पीताम्बर बाहेक अरू कसैसँग सुखी हुन सक्तिन भन्ने इन्द्रमाया आत्मिक सुख प्राप्तिका लागि घरबाट भागेर पीताम्बरका घर जान्छे । पीताम्बर जेल परेपछि सुख प्राप्तिका लागि रमेशको आग्रहलाई स्वीकार गर्छे । पीताम्बरसँगको सम्बन्ध तनावपुर्ण भएपछि पीताम्बरलाई छाड्छे । इन्द्रमाया मानसिक र दैहिक सुखका निम्ति कठोर निर्णय गर्न सक्षम नारी हो ।

### (ख) द्वन्द्व

शरीर र मनको आन्तरिक आग्रहले इन्द्रमाया पतिबाट यौन सुख चाहन्छे । पीताम्बरको व्यवहारमा पाइने शुष्कता, हडबडी र काम शैथिल्यले गर्दा इन्द्रमाया अचेत रूपमा रमेशप्रति आकर्षित भएकी हो । उसले पीताम्बर जेल परेपछि एक्कासि रमेश देखा पर्दा उसले 'यो को ? रमेश ? को ? रमेश ? कहाँबाट उदायो यो देवता ? (पृ.३१) भनेर हर्ष व्यक्त गर्छे । रमेशको आगमनसँगै उसको फुर्ति बढ्छ । उसको इदले रमेशसँग यौन सुख लिन खोजे पनि पराहम्ले अस्वीकार गरेकाले द्वन्द्वमा अल्झेकी थिई । रमेशको आग्रह र नारीत्वपनको जागरणका कारणले गर्दा ऊ हठ नगर्ने निर्णयमा पुग्छे र तनावमुक्त हुन्छे । पति र छोरीमध्ये

एउटा त्याग्नु पर्ने परिस्थितिमा पनि ऊ द्वन्द्वमा परेकी छ । यी दुईमा पति त्याग्ने निर्णय गरेपछि ऊ तनाव मुक्त भई ।

**(ग) अबौद्धिक यौनलाई मान्यता**

रमेशसँगको स्वीकृति अचेत अबौद्धिक यौनलाई मान्यता मात्र भएको छ । उपन्यासमा अस्तित्ववादको प्रयोगसँग अबौद्धिक यौन मिल्दैन (राई, २०५०:२७२) । इन्दमायामा विकारका दोषहरू पनि छन् । सतीत्व आफ्नो विषय भएको कुरा बताएर आफ्नो गल्तीलाई तर्कलाई छोप्न खोज्ने युक्तीकरणको प्रयास इन्द्रमायाले गरेकी छ ।

**(घ) जीवतात्त्विक स्वभाव**

'जीवतात्त्विक स्वभाव मार्फत प्रकृतिले अह्राएको कार्य उसले स्वधर्मले गरी, प्रकृतिको कुन सर्वोपरि लक्ष्य छ त्यसकी अनुसारिणी भई' (राई, २०५०:२७४) । उसले रमेशसँगको सम्बन्ध सुखकै निम्ति स्वीकृति दिएकी थिइन । उसले नारीत्वलाई पूर्णता दिएकी थिई । नारीत्वलाई पूर्णता दिने क्रममा उसले हरेक विहान पत्नीत्वलाई रुवाएकी छ । उसले मानसिक रूपमा आफू पीताम्बरकी पत्नी रहेको बताएकी पनि छ ।

**(ङ) पुरुष अहङ्कार**

पुरुष सत्ताले इन्द्रमायाको रमेशसँगको यौन सम्बन्धलाई वेश्यावृत्ति मान्छ । रमेशसँग यौन सम्बन्ध राख्नुपूर्व नै इन्द्रमायालाई पनि लाग्छ-'वाचा र कर्मणाले म व्रतमा एक निष्ठ छु; केवल मनसाको एउटा क्षुद्र कुना मात्र धुमिल भएको छ' (पृ.१७) । पीताम्बरको बहु पत्नी सम्बन्धलाई भने पुरुषाधिबकारभित्रकै अर्थमा लिइन्छ । लकानको मनोविश्लेषणात्मक आलोचनाले भन्छ-कुनै पनि पाठ सबभन्दा पहिले इच्छाको प्रोक्ति हो (शीतांशु, २००४:६३). पुरुष इच्छा नै समाज इच्छा भएकाले इन्द्रमाया असती देखिएकी हो ।

## ३.४. आमूल नारीवाद र तिन घुम्ती

**तिन घुम्ती**को मुल प्रवृत्ति आमूल नारीवादी नभए पनि एउटा नारीले पुरुष सत्ताको पुरातन घेरा तोडेर बाहिर निस्किएको उपन्यास हो । पुरातन दृष्टिले हेर्दा यो अराजक उपन्यास नै हो ।

**(क) सम्बन्धमा तनाव**

पुरुष स्वभाव र नारी स्वभाव एउटै हुँदैन । इन्द्रमायालाई लाग्छ-'स्त्रीपुरुषको सम्बन्ध जतिसुकै प्रेमको प्रगाढताले नै किन बाँधिएको नहोस् आ-आफ्नो विभिन्न स्वभाव र आवश्यकताले गर्दा निरन्तर तनावको स्थितिमा रहन्छ-तन्किएको, कस्सिएको स्थितिमा' (पृ.१४) । पुरुषको ढिपीलाई स्वाभिमान भनिने र नारीको ढिपीलाई हठ भनिने हुँदा स्त्रीपुरुषका बिच घनिष्टता र मित्रता कायम असम्भव छ ।

**(ख) आश्रित रहने परिस्थिति विरुद्ध सङ्घर्ष**

नारी र बच्चाहरू आश्रित रहने परिस्थितिका विरुद्ध इन्द्रमायाले छोरी बोकेर गृहत्याग गरी । छोरीलाई पूर्ण मानव बनाउन सक्तो प्रयत्न गरी । पीताम्बरका घरमा रहँदा इन्द्रमाया पराश्रित थिई । उसले पीताम्बरको व्यङ्ग्य सहनु परेको थियो । पीताम्बरका घरबाट निस्केपछि ऊ आफ्नै खुट्टामा उभिई । हाम्रो शरीर हाम्रै लागि हो भन्ने चेत पनि इन्द्रमायामा विकसित भएको छ । पीडक पुरुष पीताम्बरलाई उसले आफूभन्दा टाढा राखी । कोइरालाको **तिन घुम्ती**ले समाजका सारा छाडाहरू र मनपरिवादीहरूलाई सैद्धान्तिक समर्थन र प्रोत्साहन दिएको छ (भट्ट, २०५५:१७३) भन्ने सोच भने पुरुष सत्तात्मक संस्कारबाट फुत्किन नसकेका समीक्षकहरूको हो ।

### ३.५. अस्तित्ववादी नारीवाद र तिन घुम्ती

**तिन घुम्ती** उपन्यासले समाजमा पुरुषको जस्तै अस्तित्व नारीको पनि हुनु पर्छ भन्ने वकालत गरेको छ ।

#### (क) व्यक्तिको महत्त्वलाई स्थान

**तिन घुम्ती** उपन्यासमा उपन्यासकारले जसरी व्यक्तिको इच्छाको अगाडि समाजको कुरा गौण महत्त्वको हो भन्ने देखाउन खोजेका छन् त्यसमा अस्तित्ववादको कुरा स्वीकारिएको छ । समाज जतिसुकै शक्तिशाली देखिए पनि त्यसको शक्तिको स्रोत भनेको व्यक्ति नै हो । व्यक्ति सम्भावनाको पुञ्ज हो । ऊ आफ्नो प्रयासले आफूलाई जस्तो पनि बनाउन सक्छ । यसमा समाज इच्छा भन्दा व्यक्ति इच्छा ठुलो हो भन्ने कुरा कलात्मक रूपमा प्रस्तुत गरिएको छ (पाण्डे, २०६२:१४०) ।

#### (ख) अलग पहिचान

पुरुष सत्तात्मक समाजका नारीले आफ्नो अस्तित्व स्थापित गर्नका निमित्त आफ्ना जीवनमा उसले केही विशिष्ट कामहरू नै गर्नु पर्छ, अन्यथा ऊ आम नारीझैं अस्तित्वविहीन हुन्छे । इन्द्रमायाद्वारा लिइएका तिनवटा निर्णयहरू नै त्यस्तो विशिष्ट कार्य बन्न पुग्यो जसले उसको अस्तित्वलाई आम नारीको भन्दा पृथक् र अलग्गै चिनिने किसिमको बनायो (त्रिपाठी, सन् २०१२:३३१) । आफ्नै कामको फरकपनले आम मानव समुद्रमा इन्द्रमाया रूपी थोपाको पहिचान हुन सक्ने भयो । आम नेपाली महिला अस्तित्व चेतयुक्त छैनन् तर इन्द्रमायामा त्यो चेत छ । यही पृथक् चरित्र नै अस्तित्ववादी नारीवाद हो ।

#### (ग) आत्मकेन्द्रित नैतिकता

मान्छेको प्रत्येक निर्णय आत्मिक नैतिकताको अभिव्यक्ति हो । मान्छेले निर्णय गर्दा राम्रै ठानेर गरेको हुन्छ । नैतिकता भनेको कुरा अरूले भनेर प्राप्त हुने कुरा होइन । पुरुषका कारणले सन्तानहीन हुन पर्दा मातृत्व आघात हुन्छ, पितृत्व होइन । पीताम्बरमा पिता हुने योग्यता छैन तर इन्द्रमायामा माता हुने योग्यता भएकाले त्यसले सार्थकता पाउनु पर्छ भन्ने आत्मकेन्द्रित निर्णय उसले गरी । नेपाली साहित्यमा मातृत्व अधिकारका रूपमा उठाउने उपन्यासका रूपमा तिन घुम्तीलाई लिने गरिन्छ । पुरुषमा पिता बन्ने योग्यता नभएमा पनि नेपाली नारीहरूलाई बाँझी भनेर अपमान गरिन्छ । इन्द्रमायाले मातृत्वको अधिकारको रक्षा गर्दै नैतिकता आ-आफ्ना हुन्छन् भन्ने व्यवहारमा देखाई ।

### ३.६. उत्तरआधुनिकतावादी नारीवाद र तिन घुम्ती

**तिन घुम्ती** उपन्यासमा उत्तरआधुनिक पर्यवेक्षण सम्भव देखिएको छ ।

#### (क) जग नै नारीवाद

उत्तरआधुनिकता जगलाई यथावत् मान्न तयार छैन (गौतम, २०६७ : ३९६) । सार्वलौकिक नैतिकता खण्डित भएको अवस्था छ, जातिवाद, धर्मवाद, नारीवाद, क्षेत्रियतावाद, वातावरणवादले पनि जगको काम गर्न थालेको अवस्था छ । पुरुष सत्ताको एकल तानासाहीलाई विनिमार्ण गर्दै कोइरालाको लेखन विद्रोही भएको छ । अधिनायकवादी पितृसत्तामा असहमति वा विरोध आधुनिक विशेषता हो र नैरन्तर्यका हिसाबले उत्तरआधुनिक विशेषता पनि हो (गौतम, २०६७:३९६) । कोइरालाले नारी र पुरुषलाई भिन्नताका आधारमा चिनाए । 'पुरुष स्वभावले नै शासक हुन्छ । त्यसको स्थिति नै आरोहणको छ, त्यसले निरन्तर आरूढ भएको पाउनु पर्छ आफूलाई । त्यस स्थितिमा मात्र उसको सम्मान, प्रतिष्ठा र पुरुषत्व सुरक्षित रहेको छ भन्ने ऊ सम्झन्छ' (पृ.१६) । नारीको स्थिति उल्टो आचरण हुन्छ । 'हामीले त समपर्ण गर्न मात्र जानेका छौं-केवल तल पर्न' (पृ.१६) । पुरुष शासक हुन्छ, नारी शासित भन्ने किसिमको द्विचर विरोधात्मक सनातनता उत्तरआधुनिकतावादलाई अमान्य हुने भए पनि यो सन्दर्भ तत्कालिक प्रतिक्रियाका रूपमा आएको देखिन्छ । इन्द्रमाया त्यतिकै लत्रेर जाने पात्र नभएर हिम्मत, आँट र साहसले भरिएकी त्यस्ती नारी पात्र हो जसले पुरुषको ज्ञानलाई चुनौती दिन्छे । पुरुषको शासकीय क्षमतामाथि प्रश्न उठाउँदै इन्द्रमायालाई एक्लिन सक्ने क्षमताशील नारी देखाएर उपन्यासलाई नारीहरू पनि ज्ञानका उत्पादक हुन सक्छन् भन्ने मान्यता

कोइरालाले प्रस्तुत गरेका छन् ।

**(ख) बहुलता**

उत्तरआधुनिक मान्यतामा बहुलता छ । आधुनिकतमा पुरुष सत्ताको बाबु/पति परिवारभित्र एकता ल्याउँछन् । तिन घुम्तीमा इन्द्रमाया बाबुले केटा खोज्ने कुरा अस्वीकार गर्छे । आफ्नै रुचिको केटासँग विवाह गर्छे । उसले बाबुको हैकम तोडी र अन्तर्जातीय विवाह गरी । सतीत्वका विषयमा पनि उसले नयाँ परिभाषा दिई । सतीत्व पुरुष स्वार्थको केन्द्रबाट निसृत मान्यता हो भन्ने कुरा उसले व्यवहारमा देखाई । उसले रमेशसँग प्रेम नगरेका भए ऊ सन्तानवती हुने थिइन र उसलाई समाजले बाँझी भन्थ्यो । इन्द्रमायाले मातृत्वलाई नारी अधिकारका रूपमा बुझी र मातृत्व कुण्ठित नबनाउने निर्णय गरी । नेपाली साहित्यमा मातृत्व अधिकारका सम्बन्धमा नयाँ परिभाषा **तिन घुम्ती**ले दियो र मातृत्वका सम्बन्धमा पुरुष सत्तात्मक दृष्किोण भत्काएर नयाँ दृष्टिकोण स्थापित गऱ्यो । नारीवादले खोज्ने जस्तै बलिष्ठ नारी इन्द्रमाया हो जो पुरुष सत्तात्मक एकत्ववादी दृष्टिकोणलाई चुनौती दिन सक्छे ।

**(ग) प्रतिआख्यानिक**

नेपालका महाख्यानमध्ये एउटा पुरुष सत्ताद्वारा निर्मित त्यस्तो अनुशासन हो जहाँ बाबुले खोजिदिएको केटालाई छोरीले चुपचाप स्वीकार गर्नु पर्छ । नेपालका पिताहरूमा पौरुष अहङ्कार पर्याप्त छ । पुरुष सत्ता पत्नीले आफू बाहेक अरूसँग नाता गाँसेको देख्न सुन्न चाहँदैन । नारीले आफू बाहेक अरूसँग हाँस ठट्टा गरे पनि ऊ कुण्ठाग्रस्त बन्छ । यसमा परम्परित केन्द्रको प्रतिनिधि भएर पीताम्बर उभिएको छ । नारी प्रतिकूल परिस्थितिमा परेका बखत सहयोग पुऱ्याएर फाइदा उठाउन खोज्ने पात्रका रूपमा रमेश देखिएको छ । यसमा पुरुषको बहुपत्नी गमनलाई स्वाभाविक र प्राकृतिक मान्ने अनि स्त्रीहरूको मातृत्वलाई अधिकारका रूपमा लिने चाहनालाई अराजक मान्ने प्रचलनप्रति प्रश्न उठाउँदै सीमान्त केन्द्रसँग सम्बद्ध प्रतिआख्यान खडा गरिएको छ । उपेक्षित इन्द्रमायाको नवकेन्द्रलाई सामुन्ने ल्याइएको छ । नवकेन्द्रलाई अघि सार्दा **तिन घुम्ती**ले समाजका समाजका सारा छाडाहरू र मनपरिवादहरूलाई पूरा सैद्धान्तिक समर्थन र प्रोत्साहन दिएको (भट्ट, २०५५ : १७३) आक्षेप पुरुष सत्ताले लगाएको छ ।

**४. निष्कर्ष**

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक शक्ति भनेको नारीलाई सामाजिक मान्यताका विरुद्ध स्वनिर्णय गर्न लगाउनु र त्यसबाट उत्पन्न परिणाम बेहोर्न सक्षम नारीको निर्माण गर्नु हो । पुरुष सत्ताले सदैव नारीको स्वनिर्णयलाई समस्या मान्दै आएको छ । पुरुष सत्ताको निम्ति सतीत्वमूल विषय हो भने मातृत्व गौण विषय हो । नारीका लागि मातृत्व महत्त्वपूर्ण विषय हो र अधिकार पनि हो । पुरातनताले नारीको हित गर्दैन किनभने यसले नारीको मातृत्वको मर्म बुझ्दैन । पुरातनता पुरुष निर्मित हुनाले मातृत्वका पक्षमा बेखबर देखिएको हो । नारीले आफ्ना लागि आफैं सङ्घर्ष गर्नु पर्छ । पीताम्बर जस्ता उदार राजनीतिका विद्रोही पक्षधर पनि नारीका विषयमा पुरानो मान्यताकै पक्षमा उभिन्छन् र इन्द्रमायाले मातृत्वको अधिकार रक्षाका निम्ति पतिगृह त्याग्नै पर्ने परिस्थिति बनेको छ । पतिगृहबाट बाहिर निस्केपछि इन्द्रमायाले आफ्नो विशिष्ट पहिचान बनाउन सकी । नारीहरू ज्ञानका विषय मात्र होइनन्, ज्ञान उत्पादक पनि हुन् र पुरुष सत्तात्मक नेपाली समाजमा पुरुषको ज्ञानमाथि हस्तक्षेप गर्न सक्छन् । कोइरालाको आख्यानकारिताको एउट मुख्य पक्ष यो पनि हो । पुरुष नियन्त्रित एकत्ववादलाई खरानी पार्दै ऐच्छिकतावादको स्थापनामा जोड दिनु **तिन घुम्ती** उपन्यासको शक्ति हो । पुरुषसँग लत्रेर नजाने हिम्मतिला नारीको सिर्जना गरेकाले कोइरालाका उपन्यास नारीवादी कोणबाट महत्त्वपूर्ण देखिएका छन् ।

## सन्दर्भ सूची

अधिकारी, इन्द्रविलास (२०६१). *पश्चिमी साहित्य सिद्धान्त.* ललितपुर : साझा प्रकाशन ।

आचार्य, नरहरि (२०५५). *परिशीलन.* सम्पा. फणीन्द्र नेपाल. ललितपुर : साझा प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

गौतम, कृष्ण (२०६७). *उत्तरआधुनिक संवाद.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

तामाङ, सेरा (सन् २००५). 'नेपालमा विकासे नारीवाद', *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन.* पुनमुद्रण, सम्पा. मेरी डेशन र प्रत्युष वन्त, ललितपुर : सोसल साइन्स बहाः पृ. ५५८-५७४) ।

त्रिपाठी, सुधा (२०६४/६५). 'नारीवादी चिन्तनका दृष्टिले तिन घुम्ती उपन्यास', *कुञ्जिनी.* वर्ष १५. अङ्क १२ . पृ.३९-४१ ।

---- (२०६८). *नेपाली उपन्यासमा नारीवाद.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

---- (सन् २०१२). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

थापा, मञ्जुश्री (सन् २००५). 'उत्तरआधुनिकता', *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* . पुनमुद्रण . सम्पा. मेरी डेशन र प्रत्युष वन्त. ललितपुर : सोसल साइन्स बहाः पृ. ५५८-५७४) ।

पाण्डे, ज्ञानु (२०६२). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद.* काठमाडौं : नेपाली आख्यान समाज ।

बोउवार, सिमोन द (सन् १९८९). *स्त्री : उपेक्षिता.* अनु. प्रभा खेतान. दिल्ली : हिन्द पाकेट बुक्स प्रा. लि. ।

भट्ट, गोविन्द (२०५५). *गोविन्द भट्टका समालोचना.* सम्पा. रविलाल अधिकारी. काठमाडौं : बगर फाउन्डेसन नेपाल ।

शीतांशु, शशिभूषण पाण्डेय (सन् २००४). *मनोवैज्ञानिक और मिथकीय समालोचना.* जयपुर एवं दिल्लीः नेसनल पब्लिसिंग हाउस ।

Andermahr, Sonya & Others (2002). *A Glossary of Feminist Theory.* London : Arnold.

Beasley, C. (1999). *What is Feminism ?* London, Thousandoaks, New Delhi : SAGE Publication.

Coward, R.(1983). *Patriarchal Precedents : Sexuality & Social Relations*. London : Rutledge & Kegan Paul.

Das, B.K. (2010). *Twentieth Century Literary Criticism.* sixth ed. New Delhi : Atalantic Publishers & Distributors (p) LTD .

Guerin, W.L. (1999) . *A Handbook of Critical Approaches to Literature.* Fourth ed. New York, Oxford : Oxford University Press.

Madsen, D. L. (2000). *Feminist Theory & Literary Practice*. London : Pluto Press .

Selden, R. & Others (2006). *A Reader's Guide to Contemporary Literary Theory.* sixth ed. India : Dorling Kindersley Pvt. Ltd .

Sinha, A. M. (1993). *Women in a changing Society*. Punjabi Bagh: Ashish Publishing House .

Tandan, N. (2012). *Feminism.* Darya Ganj : Atlantic Publishers & Distributers (p) LTD.

Tuana, N. & Rosemarie T. (1995). *Feminism & Philosophy.* Bowder, San Francisco, Oxford : West View Press .